# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।२४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा, पचरौता नगरपालिका वडा नं. ४ (साबिक बेलदारी गा.वि.स. वडा नं.४) को कि.नं. १७३ क्षेत्रफल ०-९-५ जग्गामा कुनै पनि कच्ची वा पक्की सडक बाटो नभएको खेतीयोग्य जमिन रहेको भनी गलत सिफारिसको आधारमा राजस्व छली भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **पचरौता नगरपालिका वडा नं. ४ का वडाध्यक्ष कन्हैयालाल यादवले** जिल्ला बारा पचरौता नगरपालिका वडा नं. ४ साबिक बेलदारी गा.बि.स. वडा नं. ४ स्थित कि.नं. १७३ ज.बि. ०-९-५ को पक्की सडकबाटोले छोएको जग्गालाई कुनैपनि किसिमको बाटोले नछोएको खेतीयोग्य जामिन भनी गलत घरबाटो सिफारिस गरी गराई बिक्रीकर्ता र खरिदकर्ताले तिर्नुपर्ने पुँजीगत लाभकर एवं रजिष्ट्रेसन शुल्कबापतको राजस्व रकम रु.८,११,९५१।— नबुझाएको कारण नेपाल सरकारलाई हानिनोक्सानी पुग्न गएकोले निज कन्हैयालाल यादवलाई रु.८,११,९५१।—(आठ लाख एघार हजार नौ सय एकाउन्न रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निबारण ऐन, २०५९ को दफा ८ को उपदफा ३ तथा दफा ९ बमोजिमको कसुरमा ऐ.ऐ. ऐनको दफा ८ को उपदफा ३ तथा दफा ९ बमोजिम सजाय हुन मागदाबी लिइएको छ।

**जग्गा बिक्रीकर्ता बिध्या यादवले** जग्गा बिक्री गर्दा पुँजीगत लाभकर दाखिला गर्नुपर्नेमा निजले घरबाटो सिफारिस लिँदा उक्त जग्गालाई कुनैपनि किसिमको बाटोले नछोएको खेतीयोग्य जमिन रहेको भनी वडा कार्यालयमा निबेदन दिई गलत घरबाटो सिफारिस गरी गराई पुँजीगत लाभकर बापत रु.५,३४,१८७।— बराबरको राजश्व रकम कम तिर्ने मनसायले भूमिसुधार तथा मालपोत कार्यालय बाराले आ.व. २०७९/०८० को लागि निर्धारित गरेको न्यूनतम मूल्याङ्कनसमेतको उल्लंघन गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको देखिँदा निजलाई बिगो रु.५,३४,१८७।—(पाँच लाख चौतीस हजार एक सय सतासी रुपयाँ रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा ऐ. ऐ. ऐनको दफा ८ को उपदफा (४) अनुसार सजाय गरी बिगो बमोजिम जरिवाना र बिगोसमेत जफत हुन मागदाबी लिइएको छ।

**जग्गा खरिदकर्ता बृजकिशोर प्रसाद यादव र अवधकिशोर प्रसाद यादवले** जग्गा खरिद गर्दा जग्गा खरिद रजिष्टेसन दस्तुरबापतको राजश्व रकम कम तिर्ने मनसायले पक्की सडकले छोएको जग्गालाई बाटो नछोएको खेतीयोग्य जग्गा भन्ने सिफारिस गराई रजिष्टेसन दस्तुरबापत तिर्नुपर्ने रकम रु.२,७७,७६३।— बराबरको राजश्व रकम नोक्सानी गरी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएकोले निजहरुको हकमा जनही बिगो रु.२,७७,७६३।—(दुई लाख सतहत्तर हजार सात सय त्रिसट्ठी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा ऐ. ऐ. ऐनको दफा ८ को उपदफा (४) अनुसार सजाय गरी बिगोबमोजिम जरिवाना र बिगोसमेत जफत हुन मागदावी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे